मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
मन्थली, रामेछाप
प्रदेश नं. ३, नेपाल

फोन नं. ०४८-५४०११२

प.स.: २०७५/०७६
च.नं.: 3365

मिति २०७६।०२।२९

विषय स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड सम्वन्धमा ।

श्री सवै सामुदायिक एव सस्थागत माध्यमिक विद्यालयहरु
मन्थली नगरपालिका रामेछाप

प्रस्तुत विषयमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७६।०२।२९ गते वसेको वैठकको निर्णय र रनिङ्ग शिल्ड प्रतियोगितालाई व्यवस्थित र मर्यादित वनाउनका लागि निम्नानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

निम्न

१ स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०७६ असाढ ५, ६ र ७ गते मन्थली मा वि मन्थलीमा सञ्चालन हुनेछ ।

२ यस प्रतियोगितामा माध्यमिक विद्यालयमा नियमित अध्ययनरत विद्यार्थीहरु सहभागी हुन पाउने छन् तर १८ वर्ष उमेर पुरा गरेका विद्यार्थीहरु सहभागी हुन पाउने छैनन् ( जन्म मिति २०५८ वैशाखदेखि यताकाले मात्र पाउने ) र २०७५ सालमा नियमित तर्फ SEE र कक्षा १२ को परीक्षा दिई वसेका नियमित विद्यार्थीहरु समेत प्रतियोगितामा सहभागी हुन सक्नेछन् ।

३ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० तेस्रो सशोधन को अनुसूची १ अनुसारको फाराम भरी २०७६ असाढ ४ गते दिउँसो १ वजे भित्र मन्थली नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा उपलव्ध गराउनु पर्नेछ ।

४ भलिवल, कवड्डी एथ्लेटिक्स तथा मार्शल आर्टमा एक खेलाडीले कुनै एक विधामा मात्र सहभागिता जनाउन सक्ने छन् । तर एथ्लेटिक्समा सहभागी हुने खेलाडीले रिले दौड वाहेक अन्यमा एक ट्रयाक दुई फिल्ड वा एक फिल्ड दुई ट्रयाकमा सहभागी हुन सक्ने छन् ।

५ एथ्लेटिक्स र मार्शल आर्ट तर्फका खेलहरुमा प्रत्येक विद्यालयले वढीमा दुई / दुई जना छात्र र छात्राहरुलाई सहभागी गराउन सक्नेछन् ।

६ वुँदा न २ मा उल्लेखित शर्त वाहेकका अयोग्य सहभागीहरुलाई समावेश गराउने विद्यालयको प्रधानाध्यापकलाई विद्यामान कानून वमोजिम कारवाही गरिनेछ ।

७ अयोग्य विद्यार्थी सम्वन्धी दावी विरोध गर्दा उचित प्रमाण सहित गर्नु पर्नेछ ।

८ विद्यालयका खेलकुद शिक्षकहरुको वैठक २०७६ असाढ ४ गते दिउँसो १ वजे मन्थली नगरपालिकाको वैठक कक्षमा वस्ने भएकोले अनिवार्य उपस्थित हुने व्यवस्था सम्वन्धित विद्यालयले गराउनु पर्नेछ ।

०७६/०२/२९
उपसचिव (प्रा.)

Scanned by CamScanner